# बेलौरी नगरपालिकाका नगर उपप्रमुख श्री जोग राम चौधरी ज्यूले २०८०/०३/१० गते नगरपालिकाको एघारौं नगर सभामा प्रस्तुत गर्नु भएको बजेट बक्तव्य

कार्यपालिकाबाट स्विकृत मिति :- २०८०।०३।८

नगर सभामा पेश मिति :- २०८०।०३।१०

**सम्मानित सभाका अध्यक्ष ज्यू,**

**नगर सभाका सदस्यज्यूहरू,**

प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत अन्य सम्पुर्ण राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी एंव संचारकर्मी साथीहरू, यस नगरपालिकाको एघारौं नगर सभामा आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि बजेट प्रस्तुत गर्दैछु । सर्वप्रथम प्रजातन्त्र प्राप्ति, लोकतन्त्र एंव गणतन्त्रका लागि भएका विभिन्न ऐतिहासिक जनआन्दोलनहरूमा ज्यानको आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु ।

स्थानीय तह सञ्चालन ऐन र कानूनले दिएको अधिकार र जनताको जनमतको कदर गर्दै हामीले कार्य प्रकृया सञ्चालन गरिरहेको सर्वबिदितै छ । संविधान सभाबाट नेपालको संविधान जारी भै स्थानीय तहहरू गठन भए पश्चात सबैको ध्यान स्थानीय तहहरूमा केन्द्रीत भई रहेको छ । राज्यको ठूलो लगानी अब स्थानीय तहहरूमा विनियोजित भएको छ । जनअपेक्षा पनि ह्वात्तै बढेको छ । यस परिस्थितिमा नगर सभाका सदस्यज्यूहरू अझै बढी जिम्मेवार र संवेदनशिल हुन जरूरी छ ।

स्थानीय तहहरू सँधै भरी संघीय सरकारको अनुदान रकममा मात्र भर परेर सबै जनअपेक्षा र आवश्यकता बमोजिमको विकास निर्माण गर्न सकिदैन । यसका लागि आन्तरिक श्रोतहरूको अभिवृद्धि अपरिहार्य हुन आउँछ । जनताको करबाट जनताकै विकास निर्माणलाई अगाडि बढाउनुपर्ने हुन्छ । यसका लागि राजश्व संकलनका क्षेत्रहरू पहिचान गरी करका दायराहरूलाई समयसापेक्ष बढाउँदै लैजानु पर्ने जरूरी भएको छ । यसमा सबैको ध्यान जानेछ भन्ने मैले अपेक्षा गरेको छु ।

**सम्मानित सभाका अध्यक्ष ज्यू,**

अब म चालु आर्थिक वर्षमा यस नगरपालिका अन्तर्गत कार्यान्वयन भएका विकास निर्माणका योजना तथा कार्यक्रमहरूको संक्षिप्त विवेचना गर्न चाहन्छु । रिङ्ग रोडको निर्माण कार्य, सिड बैङ्क, वडा कार्यालयको निर्माण, अक्सिजन प्लान्ट निर्माण, आधारभूत स्वास्थ्य चौकीको निर्माण, १५ सैय्या अस्पताल निर्माण, कवर्ड हल, छात्रावासको निर्माण, बजार ड्रेन निर्माण, चिस्यान केन्द्र निर्माण, औधोगिक ग्राम निर्माण, स्थानीय पाठ्यक्रम निर्माण कार्य, नगर शिक्षा योजना, अनुदानमा कृषि यन्त्र उपकरण, बिंउबिजन वितरण, पकेट क्षेत्र निर्धारण गरी कृषि उत्पादन बृद्धि गरी आत्मनिर्भर बनाउने, उधम विकासमार्फत विभिन्न सिपमूलक तालिम दिने, सूचिकृत बेरोजगार युवालाई १०० दिने रोजगार कार्यक्रम, राजश्व भुक्तानी अनलाईन गर्न सकिने, राजश्व तिरेको SMS सूचना आउने जस्ता कार्यहरु अगाडी बढेका छन् । चौथो त्रैमासिकमा हामीलाई प्राप्त हुने

अनुदानका रकममा भएको कटौतीका कारण चालु आ.व. मा कार्यान्वयन नभएका योजनाहरुलाई आगामी आ.व. मा निरन्तरता दिईएको छ।

**<u>सम्मानित सभाका अध्यक्ष ज्यु,</u>**

अब म आगामी आर्थिक वर्षको लागि योजना तथा कार्यक्रमहरूको तर्जूमा गर्दा अपनाईएका मुख्य मुख्य विधिहरू यँहा समक्ष संक्षेपमा विवेचना गर्न चाहन्छु ।

आगामी आर्थिक वर्षका लागि बस्तीस्तरबाट छनौट भई आएका योजना तथा कार्यक्रमहरूलाई वडा समितिहरूबाट प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जूमा समितिमा पठाउने व्यवस्था मिलाइएको छ । उप-प्रमुखको संयोजकत्वमा रहेको राजश्व परामर्श समितिबाट करका दरहरू सहित आगामी आर्थिक वर्षका लागि आन्तरिक आयको प्रक्षेपण भएको छ । श्रोत अनुमान समितिको आन्तरिक आय प्रक्षेपण र संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त बजेट सिलिङको दायरामा रही नगरपालिकाका प्रमुखको संयोजकत्वमा रहेको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आर्थिक वर्षका लागि कूल सिलिङ निर्धारण गरेको थियो । नगरकार्यपालिकामा बजेट निर्माणका लागि विभिन्न विषयगत समितिहरू तथा विषयगत क्षेत्र समूहहरूको गठन गरिएको छन । वडा स्तरबाट प्राथमिकीकरण गरि पठाएका योजनाहरूलाई कार्यपालिका अन्तर्गतका विभिन्न समितिहरू तथा समूहहरूमा छलफल गरी नगरकार्यपालिकाको बैठकबाट आगामी आर्थिक वर्षको लागि बजेट तर्जूमा गरी कार्यपालिकाको बैठकबाट स्विकृत भई छलफल सहित पारितका लागि आजको यस सभामा पेश गरिएको छ ।

**<u>सम्मानित सभाका अध्यक्ष ज्यु,</u>**

अव म आगामी आर्थिक वर्षका लागि योजना तथा कार्यक्रमहरूको तर्जूमा गर्दा लिइएका आधारहरूलाई यस सभा समक्ष पेश गर्न चाहन्छु । आगामी आर्थिक वर्ष २०८०/८१ को योजना तथा कार्यक्रमहरू तयार गर्दा निम्न बमोजिमको आधारहरू लिइएको छ ।

- नेपालको संविधान, २०७२
- पन्ध्रौ पञ्च वर्षीय योजना, २०७६-२०८०
- दिगो विकास लक्ष्य २०१६-२०३०
- नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयले बजेट तर्जूमा सम्बन्धमा जारी गरेका निर्देशिकाहरू तथा निर्णयहरू
- स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७८
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७
- यस नगरकार्यपालिकाले पारित मुल नीति तथा कार्यक्रम र विभिन्न समयमामा पारित गरेका अन्य नीतिहरु,
- विज्ञहरुको राय सुझाव र परामर्श

**सम्मानित सभाका अध्यक्ष ज्यु,**

यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८०/८१ को लागि अनुमानित आय व्ययको विवरण पेश गर्ने अनुमति चाहन्छु ।

- आगामी आर्थिक वर्षको लागि अनुमानित कूल बजेट रू. ८६ करोड ५७ लाख ६७ हजार आय व्यय हुने प्रारम्भिक अनुमान छ ।

| क्र. स. | आम्दानी शिर्षक | रकम | क्र. स. | खर्च शिर्षक | रकम |
|---|---|---|---|---|---|
| १ | सशर्त अनुदान चालु संघीय सरकार | २४ करोड ८० लाख | १ | सशर्त अनुदान चालु संघीय सरकार | २४ करोड ८० लाख |
| २ | सशर्त अनुदान पुँजिगत संघीय सरकार | २ करोड १३ लाख | २ | सशर्त अनुदान पुँजिगत संघीय सरकार | २ करोड १३ लाख |
| ३ | विशेष अनुदान पुँजिगत संघीय सरकार | ७५ लाख | ३ | विशेष अनुदान पुँजिगत संघीय सरकार | ७५ लाख |
| ४ | समपुरक अनुदान संघिय सरकार | २ करोड ३० लाख | ४ | समपुरक अनुदान संघिय सरकार | ४ करोड ६० लाख |
| ५ | सामाजिक सुरक्षा | १७ करोड | ५ | सामाजिक सुरक्षा | १७ करोड |
| ६ | सडक बोर्ड | ७० लाख | ६ | सडक बोर्ड | ९० लाख |
| ७ | सशर्त अनुदान प्रदेश सरकार | २७ लाख ५० हजार | ७ | सशर्त अनुदान प्रदेश सरकार | २७ लाख ५० हजार |
| ८ | समपुरक अनुदान प्रदेश सरकार | ७५ लाख | ८ | समपुरक अनुदान प्रदेश सरकार | १ करोड ५० लाख |
| ९ | जिल्ला समन्वय समितिबाट प्राप्त हुने रकम | ९० लाख | ९ | जिल्ला समन्वय समितिबाट प्राप्त हुने रकम | ९० लाख |
| १० | संघीय समानिकरण अनुदान | १४ करोड ९२ लाख | १० | नगरपालिका प्रशासनिक खर्च | १५ करोड ८० लाख |
| ११ | प्रदेश समानिकरण अनुदान | १ करोड ३३ लाख १३ हजार | ११ | गत वर्षको भुक्तानी बाँकी | ५ करोड |
| १२ | राजश्व बाँडफाँड संघिय सरकार | १२ करोड २० लाख ०५ हजार | १२ | नगरस्तरिय गौरवका योजना | २ करोड ५० लाख ७४ हजार |
| १३ | राजश्व बाँडफाँड प्रदेश सरकार | ५१ लाख ४९ हजार | १३ | कृषि | १ करोड ५० लाख |
| १४ | आन्तरिक श्रोत न.पा | ४ करोड ५० हजार | १४ | स्वास्थ्य | १ करोड ५० लाख |
| १५ | गत आ. व. को बचत | ४ करोड | १५ | शिक्षा | १ करोड ५० लाख |
| | | | १६ | पशुपन्छी विकास कार्यक्रम | ६० लाख |

| क्र. स. | आम्दानी शिर्षक | रकम | क्र. स. | खर्च शिर्षक | रकम |
|---|---|---|---|---|---|
| | | | १७ | महिला विकास शाखा | १५ लाख |
| | | | १८ | न्यायिक समिति कार्यक्रम | १० लाख |
| | | | १९ | उधम विकास शाखा | १० लाख |
| | | | २० | विपद् व्यवस्थापन कोष | १५ लाख |
| | | | २१ | जगेडा कोष | ६३ लाख |
| | | | २२ | औधोगिक ग्राम स्थापना | ९२ लाख |
| | | | २३ | म्याचिङ्ग फण्ड | २० लाख |
| | | | २४ | गत वर्ष कार्यान्वयन हुन नसकेका निरन्तरता दिनुपर्ने योजनाहरु | १ करोड ५६ लाख ४३ हजार |
| | | | २५ | वडा न १ | ११ लाख ५० हजार |
| | | | २६ | वडा न २ | १९ लाख |
| | | | २७ | वडा न ३ | १२ लाख ५० हजार |
| | | | २८ | वडा न ४ | १५ लाख |
| | | | २९ | वडा न ५ | १२ लाख |
| | | | ३० | वडा न ६ | १५ लाख |
| | | | ३१ | वडा ७ | १४ लाख |
| | | | ३२ | वडा न ८ | १५ लाख |
| | | | ३३ | वडा न ९ | १६ लाख |
| | | | ३४ | वडा न १० | २० लाख |
| | **जम्मा** | **८६ करोड ५७ लाख ६७ हजार** | | **जम्मा** | **८६ करोड ५७ लाख ६७ हजार** |

**चालु तर्फ**

- आगामी आर्थिक वर्षका लागि चालू तर्फ कूल ४७ करोड ७० लाख बजेट विनियोजन गरेको छु।
- आगामी आर्थिक वर्षका लागि चालू खर्च तर्फ विनियोजन बजेट मध्ये प्रशासनिक खर्चका लागि कूल १५ करोड ८० लाख विनियोजन गरेको छु । कर्मचारीको सुविधाका सम्बन्धमा एकिकृत रुपमा तयार पारिएको सुविधालाई कार्यान्वयनको व्यवस्था गरिएको छ । आगामी आर्थिक वर्षमा सबै उपभोक्ता समितिहरूको लागि अभिमुखीकरण तालिम उपलब्ध गराइने छ । जसबाट हालका दिनहरूमा देखिएको आयोजना व्यवस्थापन सम्बन्धी अन्यौलको अन्त्य तथा भुक्तानी प्रक्रियामा सबै उपभोक्ता समितिहरूलाई सहजता पैदा हुनेछ । आगामी आर्थिक वर्षमा सबै वडा कार्यालयहरूलाई सूचना मैत्री बनाइनेछ । सबै नगरपालिका अन्तर्गतका कार्यालयमा ई-हाजिरी राखिने छ । स्तनपान कक्षको व्यवस्था गरिनेछ । स्थानीय तहहरू बीचको अनुभव आदान प्रदान गर्नको लागि पदाधिकारीहरू समेत कार्यरत कर्मचारीहरूलाई अध्ययन भ्रमणको अवसर प्रदान गरिनेछ । यसले गर्दा स्थानीय तहहरू बीचको हार्दिकता तथा सेवा प्रवाहमा समानता पैदा हुनेछ ।

**पुंजिगत तर्फ**

- आगामी आर्थिक वर्षका लागि कूल पूँजीगत खर्च **रू.२१ करोड ८७ लाख ६७** हजार विनियोजन गरेको छु । ।
- यस नगरपालिकाले आ.व. २०७९\०८० मा कार्यान्वयन हुन नसकेका तथा विगत वर्ष देखिका सबै अधुरा योजना तथा कार्यक्रमलाई निरन्तरता दिएको छु। जनताका सबै अपेक्षाहरूलाई एकै वर्षमा सम्पूर्ण रूपमा सम्बोधन गर्न कठिन हुने भएकाले जनस्तरबाट छनौट भई आएका तर आगामी आर्थिक वर्षका लागि वजेट विनियोजन हुन नसकेका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा प्रदेश सरकार तथा संघीय सरकारमा सिफारिस साथ पठाउने व्यवस्था मिलाईएको छ ।

**विषयगत शाखा तर्फ**

- स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरिय बनाउन १ करोड ५० लाख विनियोजन गरेको छु ।
- शिक्षाको गुणस्तर वृद्धि गर्नको लागि १ करोड ५० लाख बिनियोजन गरेको छु ।
- नगरपालिकालाई कृषि उपजको हबको रुपमा स्थापित गर्न १ करोड ५० लाखको बजेट व्यवस्था गरेको छु ।
- पशुपन्छि तथा मत्स्य विकास कार्यको लागि ६० लाख रकम विनियोजन गरेको छु ।
- महिला हिंसाको अन्त्य, बाल विवाह मुक्त नगरपालिका, साथै महिलाको नेतृत्व विकास तथा सहभगिता अभिबृद्धिका लागि महिला विकास कार्यक्रम अन्तर्गत १५ लाख रकम विनियोजन गरेको छु ।
- बेलौरी नगरपालिकाको न्यायिक समितिका लागि १० लाख विनियोजन गरेको छु ।
- बेलौरी नगरपालिकाको उधम विकासका लागि १० लाख विनियोजन गरेको छु ।

- ❖ नगर स्तरीय योजना तर्फ कुल २ करोड ५० लाख ७४ हजार विनियोजन गरेको छु। साथै नगर स्तरीय योजना तथा कार्यक्रमहरु अनुसुचीमा राखिएको छ ।
- ❖ बिपद ब्यबस्थापन कोषमा १५ लाख विनियोजन गरिएको छ ।
- ❖ विकासमा सहकारीता र साझेदारिताको लागि ३ करोड ५ लाख रकम बराबरको समपुरक कोषको ब्यबस्था गरेको छु।
- ❖ धर्म सँस्कृतिको प्रवर्धन र विकास आजको अपरिहार्य आवश्यकता हो । यसको लागि मन्दिर व्यवस्थापन तथा अन्य पुर्बाधार निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- ❖ यस नगरपालिकाको समग्र विकास तथा समृद्धिमा टेवा दिन विभिन्न लक्षित योजना तथा कार्यक्रमहरू प्रस्ताव गरिएको छ ।
- ❖ यस नगरपालिका अन्तर्गतका सम्भाव्य क्षेत्रहरूको पहिचान गरी Home Stay बनाउनको लागि जनताको सहभागितामा कार्यक्रम अघि बढाउन आवश्यक बजेटको व्यवस्थापन गरेको छु।

**<u>सम्मानित नगर सभाका अध्यक्ष ज्यु,</u>**

नगरपालिकाको सेवाप्रवाह तथा विकास निर्माणको गतिलाई छिटो छरितो र जनमुखी बनाउनको लागि कार्यालय व्यवस्थापन एक महत्वपूर्ण अवयव हो । आगामी आर्थिक वर्षको प्रारम्भमै जनतालाई अनुभूति हुने प्रकारले सकेसम्म सबै वडा कार्यालयहरूलाई व्यवस्थित बनाउने कार्यको प्रारम्भ गरिनेछ । अझै चालू तथा पूँजीगत तर्फका सबै खर्च शीर्षकका विस्तृत विवरणहरू यसै बजेट वक्तव्य साथै अनुसूचीमा संलग्न राखी सबै सदस्य महानुभावहरूलाई उपलब्ध गराईएको अवगत गराउदै विस्तृत विवरण अनुसूचीहरूबाट हेर्नुहुन समेत पुनः सादर निवेदन गर्दछु ।

**<u>सम्मानित नगर सभाका अध्यक्ष ज्यु,</u>**

प्रस्तावित योजना तथा कार्यक्रमहरूको सफलता यिनिहरूको प्रभावकारी कार्यान्वयमा भर पर्दछ । तसर्थ, प्रस्तावित योजना तथा कार्यक्रमहरूको प्रभावकारी तथा व्यवस्थित कार्यान्वयनमा यस नगरपालिका अन्तर्गतका सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, स्थानीय बुद्धिजिवी, नगरपालिकाबासी सम्पूर्ण आमाबुबा, दाजुभाई, दिदीबहिनीहरूको उल्लेख्य सहयोग रहनेछ भन्ने अपेक्षा लिएको छु।

**<u>अन्त्यमा,</u>**

बजेट तर्जूमाको समयमा अमूल्य सहयोग प्रदान गर्नुहुने सम्पूर्ण नगरबासी जनताहरू, वडा समिति, वडा अध्यक्ष लगायत सदस्य ज्यूहरु, विभिन्न समितिहरूका सदस्य ज्यूहरू, विषय क्षेत्रगत समूहका सदस्यज्यूहरू, नगर कार्यपालिकाका सबै सदस्य ज्यूहरू, राजनीतिक दल लगायत महत्त्वपूर्ण मार्गदर्शनका लागि श्रदेय नगर प्रमुख ज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

साथै, बजेट तर्जूमाको सिलसिलामा प्राविधिक तथा अन्य व्यवस्थापकीय सहयोग पुर्याउनु हुने नगरपालिकाका कर्मचारी एवं अन्य सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ।**

**<u>प्रस्तुतकर्ता</u>**

जोगराम चौधरी

नगर उपप्रमूख